म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४५ २०८१ साउन १३ गते आइतबार 28 July 2024, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-


BUDDHA Bar & Restaurant
MOMO @100
Let's Enjoy....
Hetauda-4, School Road
buddhabar&restaurant
For Delivery 9802923576

बागमतीमा १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त

लामाको क्याविनेटमा उपत्यकाका ९ मन्त्री

नवनियुक्त मन्त्रीहरुलाई सपथ गराउनुहुँदै प्रदेश प्रमुख यादव चन्द्र शर्मा ।

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले अन्ततः पूर्णता पाएको छ। यद्यपि नेपाली कांग्रेसका बहादुर सिं लामा नेतृत्वको प्रदेश सरकारमा किचलो भने कायमै छ। मन्त्रिमण्डल संख्या बढाएर मुख्यमन्त्री लामाले सरकारलाई पूर्णता मात्रै दिनुभएको छैन, मन्त्रालयभन्दा बढी संख्यामा मन्त्री नियुक्त गरेर सत्ता साझेदार एमालेलाई पनि आश्चर्यमा पारेको छ।

साउन ८ मा मुख्यमन्त्री नियुक्त हुनुभएका लामाले साउन ९ मा ९ जना र साउन १२ मा ४ मन्त्रीलाई सरकारमा सहभागि गराउनुभएको छ। मुख्यमन्त्री कार्यालयसहित १३ मन्त्रालय रहेको बागमतीमा १४ जना मन्त्री नियुक्त गरिएको छ। एक विना विभागीयसहित सरकारमा कांग्रेसका ८ र एमालेका ६ मन्त्री सहभागी छन्। कांग्रेस भित्रको भागबण्डा नमिल्दा मन्त्रिमण्डलको संख्या बढाएर मुख्यमन्त्री लामाले सरकारलाई पूर्णता दिनुभएको हो। साउन ९ गते नै सरकारलाई पूणता दिने तयारी गरिएपनि कांग्रेस भित्रको आन्तरिक किचलोका कारण पटक-पटक मन्त्रीको सपथ ग्रहण समेत रोकिन पुगेको थियो।

यसैबीच शनिबार भने मुख्यमन्त्री लामाले नियुक्त गर्नुभएका ४ मन्त्रीको सपथसँगै यसअघि नियुक्त भएका मन्त्रीहरुको जिम्मेवारी पनि तोक्नुभयो। शनिबार बिहान एक समारोहका बीच मुख्यमन्त्री बहादुर सिं लामाले नियुक्त गरेका ४ मन्त्रीले प्रदेश प्रमुख यादव चन्द्र शर्माबाट सपथ ग्रहण गरेका हुन्। प्रदेश प्रमुख शर्माले कांग्रेसका सुरज चन्द्र लामिछाने, मिनकृष्ण महर्जन, हरिप्रभा खड्गी र बिमल ठकुरीलाई सपथ गराउनुभएको हो। बुधबार नियुक्त भएका ३ र बिहिबार नियुक्त भएका ४ जना गरी कांग्रेसका ७ मन्त्रीको जिम्मेवारी तोकिएको हो। लामिछानेले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, महर्जनले युवा तथा खेलकुद मन्त्रालय, खड्गीले सामाजिक विकास मन्त्रालय र ठकुरीले संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी तोकिएको छ।

बुधबार नियुक्त भएका कुन्दनराज काफ्लेलाई आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी दिइएको छ भने श्याम बहादुर खड्काले खानेपानी उर्जा तथा सिंचाई मन्त्रालय पाउनुभएको छ। मदु कुमार श्रेष्ठको भने जिम्मेवारी पछि तोकिनेछ। यसअघि बागमती प्रदेश सरकारमा नेकपा एमालेको तर्फबाट ६ जना मन्त्री नियुक्त भएर जिम्मेवारी समेत तोकिएसकिएको छ। एमालेबाट निर्वाचित मन्त्रीहरुले आआफ्ना मन्त्रालयमा कामको सुरुवात समेत गरिसकेका छन्।

एमालेबाट प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी मन्त्रालय, किरण थापाले स्वास्थ्य मन्त्रालय, कृष्ण प्रसाद सिलवालले वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, अमन कुमार मास्केले भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रेम भक्त महर्जनले श्रम रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ।

काठमाडौं उपत्यका केन्द्रित मन्त्री

नुवाकोटका मुख्यमन्त्री बहादुर सिं लामाको मन्त्रिमण्डलमा नियुक्त भएका अधिकांश मन्त्रीहरु काठमाडौं उपत्यकाका रहेका छन्। उपत्यकाका ३ जिल्लाका मात्र ९ जना मुख्यमन्त्री लामाको मन्त्रिपरिषद्मा मन्त्री बन्ने अवसर पाएका छन्।

१३ जिल्ला रहेको प्रदेशमा १३ मन्त्रालय रहेको छ। उक्त मन्त्रालयमा ७ जिल्लाका प्रदेश सभा सदस्यले मन्त्री हुने अवसर पाएका छन्। प्रदेश राजधानी रहेको मकवानपुरसहित रसुवा, रामेछाप, काभ्रे, सिन्धुपाल्चोकले मन्त्री पाएन। १० निर्वाचन क्षेत्र रहेको काठमाडौंले मात्र ६ मन्त्री पाएको छ। उपत्यकाको ललितपुरले २ र भक्तपुरले १ मन्त्री पाएको छ। काठमाडौंबाट एमालेका प्रकाश श्रेष्ठ, अमन कुमार मास्के मन्त्री बन्नुभएको छ भने कांग्रेसबाट श्याम खड्का, हरिप्रभा खड्गी, सुरजचन्द्र लामिछाने, विमल ठकुरी मन्त्री बन्नुभएको छ।

ललितपुरबाट एमालेका प्रेमभक्त महर्जन र कांग्रेसका मीनकृष्ण महर्जन मन्त्री बन्नुभएको छ भने भक्तपुरबाट एमालेका किरण थापा मन्त्री बन्नुभएको छ। कांग्रेसबाट दोलखाका कुन्दनराज काफ्ले, धादिङका मदु कुमार श्रेष्ठ मन्त्री बन्नुभयो भने एमालेबाट सिन्धुलीकी सुकमाया तामाङ र चितवनका कृष्ण प्रसाद सिलवाल मन्त्री बन्नुभएको छ।

तत्काल मन्त्रालय नफुटाइने

मुख्यमन्त्री लामालले बिना विभागीय मन्त्रीको व्यवस्थापनका लागि तत्काल मन्त्रालय नफुटाउने बताउनुभएको छ। मुख्यमन्त्री कार्यालयमा नै जिम्मेवारी दिने गरी तयारी भएको उहाँले बताउनुभयो। गठबन्धन दलमा केही विषयहरु मिलाउनु पर्ने भएकाले मन्त्रालय विभाजन गर्ने सहमति नबनेको उहाँको भनाइ छ। आकांक्षी बढी हुँदा मन्त्रालयको संख्या भन्दा बढी मन्त्री नियुक्त गर्नुपर्ने बाध्यता आएको उहाँले बताउनुभयो।

'बिना विभागीय जिम्मेवारीमा रहेका मन्त्रीको विषयमा छिट्टै निर्णय लिनेछौं। तत्काल मन्त्रालय फुटाउने योजना छैन। मुख्यमन्त्री कार्यालयमा नै कुनै जिम्मेवारीमा रहनु हुनेछ। पछि गठबन्धन दलसँग छलफल गरेर विभागीय जिम्मेवारीका लागि मन्त्रालय विभाजनको हुन सक्छ', मुख्यमन्त्री लामाले भन्नुभयो।

हेटौँडा-२ बालमैत्री वडा घोषणा

बालमैत्री वडा घोषणा समारोहमा प्रतिवद्धतापत्रमा हस्ताक्षर गर्नुहुँदै नगरप्रमुख मीना कुमारी लामा ।

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ बालमैत्री शासनयुक्त वडा घोषणा भएको छ। शनिबार एक कार्यक्रमका बीच हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिना कुमारी लामाले वडालाई बालमैत्री शासनयुक्त वडा घोषणा गर्नुभएको हो।

हेटौँडा-२ का वडाध्यक्ष एवम् बालमैत्री शासन मूल समारोह समितिका संयोजक विष्णु गोपाल महर्जनले २०७९ साल मंसिरदेखि सुरु भएको बालमैत्री घोषणा अभियानदेखि हालसम्मका प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो। उहाँका अनुसार वडाले ५१ सूचकमध्ये ४६ सूचक पूर्णरुपमा कार्यान्वयन गरेको छ भने अन्य सूचक पनि पूर्ण रुपमा कार्यान्वयनको चरणमा रहेको बताउनुभयो। वडाले बालबालिकाको क्षेत्रमा काम गर्न पञ्चवर्षीय लगानी योजना बनाएको उहाँले जानकारी दिनुभयो। वडाभित्र १८ वर्षभन्दा कम उमेरका १ हजार ८ सयभन्दा बढी बालबालिका रहेको बताउनुहुँदै वडाले बालबालिकाको क्षेत्रमा विशेष प्राथमिकता दिएको उहाँले दावी गर्नुभयो। उहाँले वडाले पूरा गरेको सूचकहरुको दिगोपनाका लागि सरकार, जनप्रतिनिधि, अभिभावक र टोल विकास संस्थाहरु लगायत सबैको उत्तिकै महत्वपूर्ण भूमिका रहने बताउनुभयो।

हेटौँडा-२ नगरको दोस्रो बालमैत्री वडा घोषणा भएको छ। यसअघि वडा नम्बर ८ बालमैत्री शासनयुक्त वडा घोषणा भइसकेको छ। हेटौँडा उपमहानगर पालिकाले २०८० को मंसिरसम्ममा नगरलाई नै बालमैत्री घोषणा गर्ने तयारी गरेपनि हालसम्म दुई वटा वडा मात्रै बालमैत्री घोषणा भएको छ। हेटौँडाका अन्य वडाहरुले पनि बालमैत्री शासनयुक्त वडा घोषणाको तयारी गरिरहेको छ। साउन महिनामै हेटौँडाका केही वडाहरुले बालमैत्री वडा घोषणाको तयारी गरिरहेको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका सदस्य तारा ढुङ्गाना, नगरपालिकाका उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्य प्रसाद गौतम र महिला बालबालिका तथा समावेशीकरण महाशाखा प्रमुख विष्णु कुमारी लामिछाने लगायतको आतिथ्य रहेको थियो। बालमैत्री वडा घोषणा कार्यक्रमअघि र्‍याली निकालिएको थियो। र्‍याली वडाका विभिन्न भागमा पुगेर कार्यक्रमस्थल एभोकाडो होटल पुगेको थियो।

सिटिइभिटिको छात्रवृत्ति परीक्षा

५ जना नक्कली परीक्षार्थी पक्राउ

समाज संवाददाता

हेटौंडाः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभीटी) अन्तर्गत ३ बर्षे डिप्लोका विभिन्न कार्यक्रममा छात्रवृत्तिका लागि शनिबार हेटौंडामा सञ्चालित बागमती प्रदेशस्तरीय परीक्षामा ५ जना नक्कली परीक्षार्थीलाई पक्राउ परेका छन्। परीक्षाको निरीक्षणको क्रममा हेटौंडा-२ स्थित सिद्धार्थ मावि परीक्षा केन्द्रबाट एकजना र हेटौंडा-४ स्थित भुटनदेवी मावि परीक्षा केन्द्रबाट ४ जना नक्कली परीक्षार्थी पक्राउ परेका हुन्।

नक्कली परीक्षार्थीलाई सिटिइभिटिले प्रहरीको जिम्मा लगाएको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरकाअनुसार भुटनदेवी माध्यमिक विद्यालय परीक्षा केन्द्रबाट बारा जिल्लाको परवानीपुर नगरपालिका-२ का २० वर्षीय नरेन्द्र महतोले रौतहट घर भएका १९ वर्षीय असाव आलमको ठाउँमा परीक्षा दिएको, चितवन जिल्लाको भरतपुर महानगर पालिका-८ का १५ वर्षीय रुपेश यादवले १८ वर्षीय निमेष राय यादवको ठाउँमा परीक्षा दिएको, सर्लाही जिल्लाको विष्णु गाउँपालिका-७ का १८ वर्षीय राजिव कुमार राउतले सिराहा जिल्लाका १८ वर्षीय ललन कुमार यादवको ठाउँमा परीक्षा दिएको बताइएको छ।

यस्तै रौतहट जिल्लाको गरुडा नगर पालिका-२ का १८ वर्षीय लाल बाबु सहनीले सर्लाही जिल्लाका १८ वर्षीय सुनिल महतोको ठाउँमा परीक्षा दिएका थिए भने सिद्धार्थ मावि परीक्षा केन्द्रमा धनुषा जिल्लाको जनकपुर उपमहानगर पालिका-१२ का २० वर्षीय रमेश यादवलाई शंका लागि आवश्यक जाँच गर्दा बारा जिल्लाको पचरौता गाउँपालिका-५ का राकेश कुमार ठाकुरको नाममा परीक्षा दिइरहेको अवस्थामा पक्राउ गरेका थिए। रमेश यादवलाई नक्कली परीक्षार्थीको रुपमा पहिचान गरेपछि यादवकै सूचनाका आधारमा भुटनदेवी मावि परीक्षा केन्द्रमा पनि नक्कली परीक्षार्थी पहिचान गर्न सफल भएको बताइएको छ। नक्कली परीक्षार्थीलाई ६ महिना कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था छ।

पहिचान भएका नक्कली परीक्षार्थीलाई प्रहरीको जिम्मा लगाइएको सिटिइभिटिको हेटौँडास्थित कार्यालयका उपनिर्देशक एवम् सूचना अधिकारी विनोद चन्द्र झाले जानकारी दिनुभएको छ। बागमती प्रदेशस्तरीय छात्रवृत्तिका लागि आवेदन दिएका ७ हजार १ सय ५४ जना मध्ये शनिबारको परीक्षामा ६ हजार ६ सय ५४ जना मात्रै सहभागी भएका छन्। परीक्षा दिएका मध्ये ९ सय ७१ जनाले विभिन्न विषयमा पूर्ण छात्रवृत्ति पाउनेछन्।

सौर्य एयर दुर्घटना

१७ मृतकका परिवारले बुझे शव

काठमाडौंः गत बुधबार सौर्य एयरको विमान दुर्घटना हुँदा मृत्यु भएका १८ मध्ये १७ जनाको परिवारले शव बुझेका छन्। एक जना विदेशी नागरिकको शव बुझ्न भने अहिलेसम्म कोही नआएको त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका फरेन्सिक विभाग प्रमुख डा. गोपाल चौधरीले जानकारी दिए।

९ साउनमा त्रिभुवन विमानस्थल नजिकै सौर्य एयरको विमान दुर्घटना हुँदा १८ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा धेरैजसो सौर्य एयरलाइन्सकै कर्मचारी थिए। पाइलट मनिष शाक्यको भने जीवितै उद्दार भएको थियो। मृतकको शव पोस्टमार्टम गरेर शुक्रबार नै सकिए पनि परिवारका सदस्यहरुले बीमा, क्षतिपूर्ति र राहतको माग गर्दै शव नबुझ्ने अडान लिएका थिए। तर शनिबार ५ बजेसम्म सबै १७ जनाको परिवारले शव बुझेको चौधरीले बताए। *स्रोतः अनलाइनखबर।*

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

जनप्रिय मा.वि. (प्राविधिक शिक्षालय)
ADMISSION OPEN
DIPLOMA IN ELECTRICAL ENGINEERING
DIPLOMA IN PLANT SCIENCE
DIPLOMA IN ANIMAL SCIENCE
PRE-DIPLOMA IN PLANT SCIENCE
PRE-DIPLOMA IN ANIMAL SCIENCE
9-12 IN PLANT SCIENCE
GENERAL 11-12 IN SCIENCE
GENERAL 11-12 IN MANAGEMENT, EDUCATION, HUMANITIES
JANAPRIYA SECONDARY SCHOOL
(TECHNICAL INSTITUTE)
HETAUDA-16, CHISAPANI, MAKAWANPUR
Contact: 057-530494, 530498
9845234755, 9855067893
Website: https://janapriyahetauda.edu.np/
Register Online At: https://janapriyahetauda.edu.np/admission-for-2081/

सम्पादकीय

जम्बो मन्त्रिमण्डल

केन्द्रीय तहमा सत्ता गठबन्धन परिवर्तन भएसँगै संघीय सरकार परिवर्तन भयो । प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेबिच सत्ता गठबन्धन बनेपछि एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा संघीय सरकार बनेको छ । संघीय सरकार बढीमा २५ सदस्यीय हुनुपर्ने संवैधानिक व्यवस्था रहेकाले हाल २२ सदस्यीय मन्त्रिमण्डल बनेको छ । साना दल सरकारमा सहभागी हुन आएमा संघीय सरकारमा अझै ३ जना मन्त्री थप हुने सम्भावना छ । संघीय सरकारसँगै कांग्रेस-एमाले गठबन्धनबाट सहजै बहुमत पुग्ने ६ वटा प्रदेश सरकारमा पनि नेतृत्व भागबण्डा भएको छ । सोअनुसार नेकपा माओवादी केन्द्रको नेतृत्व रहेको बागमती प्रदेश सरकार कांग्रेसको भागमा परेपछि कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिंह लामा मुख्यमन्त्री बनेका छन् ।

मन्त्रिपरिषद् गठनमा निकै सकस बेहोरेका मुख्यमन्त्री लामाले अन्तत: शनिबार मन्त्रिमण्डललाई पूर्णता दिएका छन् । १३ वटा मन्त्रालय रहेको बागमती प्रदेशमा १४ सदस्यीय मन्त्रिमण्डल बनेको छ । जसअनुसार नेपाली कांग्रेसबाट मन्त्रि बनेका मदुकुमार श्रेष्ठले जिम्मेवारी पाएका छैनन् । प्रदेश संरचना खर्चिलो बनिरहेको भन्दै आलोचना भइरहँदा अधिकांश प्रदेशहरुमा मन्त्रालय विभाजन गरेरै भए पनि जम्बो मन्त्रिमण्डल बनाउने होडबाजी चलिरहेको छ । मन्त्रालयबिना नै मन्त्री बनाइनुले यसलाई पुष्टि पनि गरिरहेको छ । देश संघीयतामा जानुअघि भागबण्डा मिलाउनकै लागि ५ दर्जनभन्दा बढी मन्त्री बनाएपछि वर्तमान संविधानले संघीय र प्रदेश सरकारका लागि अधिकतम मन्त्रिमण्डलको संख्या तोकिदिएको छ । संघीय सरकारमा बढीमा २५ सदस्यीय मन्त्रिमण्डल गठनको व्यवस्थाले जम्बो मन्त्रिमण्डल बनाउन रोक लगाएको छ । प्रदेश सरकारमा पनि प्रदेशसभा सदस्य संख्याको २० प्रतिशतभन्दा बढी संख्यामा मन्त्रिमण्डल बनाउन नपाइने संवैधानिक व्यवस्था भए पनि कतिपय प्रदेशका लागि यो संख्या बढी देखिएको छ ।

प्रदेशमा ७ देखि १० वटासम्म मात्र मन्त्रालय भए पुग्ने भन्दै बढीमा ११ सदस्यीय प्रदेश मन्त्रिमण्डल बनाउनु उचित हुने विचार पटक-पटक सार्वजनिक भए पनि संवैधानिक व्यवस्थाअनुसार प्रदेशमा धेरै वटा मन्त्रालय बनाएर जम्बो सरकार बनाउने परिपाटी कायमै छ । प्रदेशसभा सदस्य संख्या कम रहेका कारण कर्णालीमा ८, सुदूरपश्चिममा ११ र गण्डकीमा १२ जनाभन्दा बढीको मन्त्रिमण्डल बनाउन सकिँदैन । तर, सदस्य संख्या धेरै रहेको बागमती प्रदेशमा २२, मधेश प्रदेशमा २१, कोशी प्रदेशमा १९ र लुम्बिनी प्रदेशमा १७ जनासम्मको मन्त्रिमण्डल गठन हुनसक्ने अवस्था छ । यसै कारण यी प्रदेशमा सत्ता साझेदार दलहरुबीच भागबण्डा मिलाउनकै लागि जम्बो मन्त्रिमण्डल बनाउने होडबाजी चलिरहेको छ । बागमती प्रदेशमा डोरमणि पौडेल मुख्यमन्त्री हुँदासम्म ७ सदस्यीय मन्त्रिमण्डल बनाइएको थियो । अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री भएपछि एउटा मन्त्रालय थप गरेर ८ सदस्यीय मन्त्रिमण्डल बनाइयो । राजेन्द्र पाण्डे मुख्यमन्त्री हुँदा धेरै मन्त्रालय टुक्र्याएर मन्त्रीको भागबण्डा मिलाएपछि यसअघिका मुख्यमन्त्री शालिकराम जम्कटेल र वर्तमान मुख्यमन्त्री बहादुरसिंह लामाले त्यसलाई निरन्तरता दिइरहेका छन् ।

विगतमा मन्त्रालय टुक्र्याएर एउटै घरमा ४ वटासम्म मन्त्रालय राखेर निकै आलोचना खेपेको बागमती प्रदेश सरकारले मन्त्रालय घटाएर सानो मन्त्रिमण्डल बनाउन सकेको छैन । बारम्बार परिवर्तन भइरहने सत्ता गठबन्धन र गठबन्धन टिकाउन गरिने भागबण्डाले मन्त्रिमण्डल जम्बो बनाउनुपर्ने बाध्यता देखिएको छ । मन्त्री बनाएर सपथग्रहण नगराई हटाउनुपर्नेदेखि मन्त्रालयबिनाकै मन्त्री बनाउनुपर्ने बाध्यताले बागमती प्रदेशका मुख्यमन्त्री लामालाई सरकार चलाउन निकै चुनौतीपूर्ण बन्ने निश्चित छ । मन्त्री नियुक्तिको क्रममा नै रनभुल्ल परेका मुख्यमन्त्री लामालाई जम्बो मन्त्रिमण्डल लिएर प्रदेश सरकारको कुशल व्यवस्थापन गर्न सहज देखिँदैन । प्रदेश तह खर्चिलो बनिरहेको अवस्थामा सानो र छरितो मन्त्रिमण्डल बनाउन नसक्नु राजनीतिक दल र नेतृत्वको कमजोरी बनेको छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईंको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : सोच बिचार पुऱ्याएर मात्र काम गर्नु पर्ला ।
वृष : खर्चमा वृद्धि रहने समय योग रहेको देखिन्छ ।
मिथुन : राजनीति र धार्मिक कृत्यमा मन जाने योग छ ।
कर्कट : चुनौति हटाउन गरेको प्रयासमा सफलता प्राप्त ।
सिंह : स्वास्थ्य स्थिति कमजोर रहने समय योग छ ।
कन्या : आफन्तका बीच भेटघाट र मिलन हुने समय छ ।
तुला : अरुको समस्याले आफ्नो समस्या जस्ताको त्यस्तै रहला ।
वृश्चिक : अनुभव र ज्ञानको सहि सदुपयोग रहने छ ।
धनु : पद प्रतिष्ठामा वृद्धि हुने समय योग रहेको छ ।
मकर : भेटघाटमा समय व्यतित हुने समय योग छ ।
कुम्भ : महत्वकांक्षा बढ्ने समय योग रहेको छ ।
मीन : मिहिनेतले काममा सफलता प्राप्त होला ।

कांग्रेस र एमाले मात्र भएको देश कस्तो होला ?

✍बिशभ अधिकारी

"दुई ठूला साँढे मिल्दा नि डर, नमिल्दा निडर" । यो कथनको ठीक विपरित कांग्रेस र एमालेलाई चाहि अर्कै डरले मिलायो । "यो मिलन कुनै विश्वासको आधारमा वा कुनै आदर्शका लागि वा राम्रो उद्देश्यका लागि होईन । तपाईहरुलाई डरले मिलायो ।" विश्वासको मत लिने सन्दर्भमा कमरेड प्रचण्डले सदनमा दिएको अभिव्यक्ति हो यो । कांग्रेस एमाले बीचको ७ बुँदे समझदारी साँच्चै अप्रत्यासितरुपमा भयो । "रातको अँध्यारोमा कुनै व्यापारीको घरमा भएको यो सहमतिको पछाडी डर नै हो", प्रचण्डले भन्नुभयो । क्रमश: भष्टाचारका फाईलहरु खुल्दै थिए बेचैन झा समातिएका थिए । टिकापुर, भुटानी शरणार्थी, गिरिबन्धुको जुन फाईल चलायो एउटा ठूलो वर्गमा भूकम्प आउने, यससँग जोडिएका माफियाहरु तर्सने त्यहि शक्तिले यिनलाई मिलायो यो संगीन आरोप हो ठूला दलका नेताहरुमाथि प्रचण्डको ।

अब यि घटनामा को-को संग्लन छन् ति अनुसन्धानले खुल्दै जाला तर जसरी निरन्तरको राजनीतिक अस्थिरता देखिँदै छ यसले जनतामा राजनीतिप्रति वितृष्णा मात्र बढाएको छ । यसपालि सरकार परिवर्तनमा केपीले धोका दिएको ठान्ने हो भने गठबन्धनबाट जितेर आइसकेपछि प्रचण्डले कांग्रेसलाई धोका दिए । कहिले कांग्रेसको काँधमा चढ्ने कहिले एमालेको काँध चढ्ने ३२ सिटले सरकारको नेतृत्व गरिरहने दृश्य आफैँमा अनौठो र अस्वाभाविक लाग्दथ्यो । यो जनादेश अनुरुप पनि थिएन । सरकार जसले बढी सिट जित्यो उसले तेश्रो चौथो दललाई मिलाएर बनाउँदा स्वाभाविक देखिन्थ्यो । सरकार बनाउने गणितीय खेलले राजनीतिलाई अस्थिर बनायो ।

साना दलको भूमिका ह्वातै बढायो । अब ठूला दुई दल नै मिलेपछि सानाका बार्गेनिङ पावर सिद्धिने अवस्थामा पुगेको छ । त्यसैले सरकार बनाउने दावीमा कांग्रेस र एमालेले मात्र हस्ताक्षर गरे । संसारमा दुई ठूला प्रतिस्पर्धी दल नै मिलेर सरकार बनाउँदैनन् । कुनै विशेष परिस्थिति वा संक्रमणकालिन अवस्था वा कुनै राष्ट्रिय मुद्दा वा संविधान जारी गर्ने बेलाबाहेक, दुई ठूला दल मिलेर सरकारमा जाँदैनन् । अहिले यि दल किन मिले ? प्रचण्डले संकेत गर्न खोजेको जस्तो भष्ट्राचारी जोगाउन त कतै यो मिलन सम्भव भएको होईन ? यो यक्षप्रश्न उठ्नु अस्वाभिक होईन ।

भन्नलाई त राष्ट्रिय सहमतिको सरकार र संविधान संशोधनको मुद्दा उठाए पनि संविधान संशोघन त्यति सहज छैन । संविधान संशोधनका लागि माओवादीको सहयोग र सहभागिता अनिवार्य देखिन्छ किन भन्दा माथिल्लो सदनमा माओवादी १८ सिटसहित पहिलो पार्टी छ । कांग्रेस-एमालेको मिलनमा वर्तमान गणितीय खेल र केपी ओलीको चलाखी र चतुऱ्याइँपूर्ण भूमिका महत्वपूर्ण देखियो । आफु संलग्न सरकारलाई केपीले यस्तो वातावरण बनाउन लगाए कि शेरबहादुर दम्पीत्त बालकोट पुगेर सत्ताको साँचो केपी ओलीलाई बुझाउन बाध्य भए । तात्कालिन प्रचण्ड सरकारले गिरीबन्धू .टि स्टेट र भूटानी शरणार्थीको कार्ड फ्याँकेर सधैं यि ठूला दललाई तर्साउने अनि सत्ता टिकाउने खेलमा मात्र लागे, भष्टाचारको फाईल खोल्छु भन्ने तर त्यस्लाई तार्किक निश्कर्षमा पुऱ्याउन नसकेको परिणाम हो आजको राजनीतिक अवस्था ।

अझ गृहमन्त्रीको हचुवा र बिना तयारी बोल्ने अपरिपक्व भाषणले वातावरण बिगाऱ्यो । यिनले पनि कुरा धेरै गरे, काम सिन्को भाँचेनन् । सय दिन पाए कायापलट गरेर देखाईदिने भन्ने मानिसले चार महिना समय पाउँदा कुर्तक भन्दा कुनै ठोस काम गर्न सकेनन् । अहिले त यिनकै महामन्त्रीले यिनीमाथि संगीन आरोप लगाइरहेका छन् । कांग्रेस समर्थनको केपी ओली नेतृत्वको सरकारले राजनीतिक स्थिरता दिन्छ भन्ने बुझाईमा कुनै दम देखिँदैन । अनैतिक र सत्ताका लागि जता नि लाग्न सक्ने पल्टुरामहरुको बिगबिगी भएको देशमा अबको दुईमहिनापछि के हुन्छ भन्न सकिन्न, गगन-विश्वप्रकाश सरकारमा गएनन् । कांग्रेसको प्रतिनिधित्व हेर्दा सरकारमा पठाउने पात्र सिरियस खालको कोही छैनन् । प्रचण्ड सरकारमा रघुवीर महासेठको नेतृत्वमा एमालेले जसरी टिम बनायो त्यसरी नै कांग्रेसले वर्तमान सरकारमा कमजोर टिम पठाएको छ, जसले केही आशंका निश्चितरुपमा जन्मिएकोछ । केपी ओलीको सरकार चलाउने कार्यशैली एकलौटी खालको छ । गठबन्धन सरकार त्यसरी चल्न सक्दैन । अझ चित नबुझ्दा संसद नै भंग गरिदिने केपीको शैली विगतमा भोगिएको घटना हो । जुन ईतिहास आजसम्म ताजै छ । राष्ट्रवादी छवि बनाएका ओली कुनै बेला अन्यन्तै लोकप्रिय थिए । तर विस्तारै यिनको लोकप्रियतामा क्षयीकरण भएको छ । सत्तामा हुँदा बालुवाटारलाई नै शक्तिकेन्द्र बनाएका यिनले धेरै तदर्थ र हावादारी काम गरे । घर-घरमा ग्यासको पाइपलाइन पुऱ्याउनेदेखि लिएर पानीजहाजको टिकट काट्न आव्हान गर्ने र एकैपटक २९६ अस्पतालको सिंहदरवारबाटै शिलान्यास गरे । जुन सबै काम अघुरो बिना तयारी, बिना बजेट हचुवाकोरुपमा गरिएको थियो । अझ कोरोनाको समयमा जनता मरिरेका थिए तात्कालिन सरकार यति-ओम्नीको नाममा कमाउ धन्दामा लागेको देखिन्थो । अझ तत्कालिन नेकपा भित्रको रडाकोले जनता आजित थिए । प्रचण्ड-माधवहरु सडकमा थिए "हामी यहाँ छौं" भन्ने व्यानर बोकेर केपीको स्वेच्छाचारिताको विरोध गरिरहेका प्रचण्ड-माधवलाई नियतीले फेरी त्यही ठाउँमा ल्याएर उभ्यायो । मात्र फरक कांग्रेस हिजो प्रचण्डको कित्तामा थियो भने आज केपीको काँध बनेर खडा भएको छ ।

यो कुरुप र घिन लाग्दो राजनीतिक दृश्यमा पात्रको अदलाबदली मात्र भएको छ । बाँकी लुट, भष्टाचार राष्ट्रिय सम्पत्तिको दोहनको दृश्यमा कस्ले बढी बाजी मार्ने भन्ने दाउ लुकेको छ । अब केपी सरकारले क्यान्टोमेन्ट घोटालाको कार्ड फ्याँकेर गिरिबन्धुको बदला लिन्छ । यो केवल मुखको तितो मात्र फ्याँक्ने हो । यहाँ कसैले कसैलाई कारवाही गर्दैन । सबै काण्डमा बेचैन झाहरु छन् जसले यिनीहरुसम्म नजराना पुऱ्याएकै छन् । कांग्रेस-एमाले गठबन्धन विपरित धुब्रमा फर्किएको घोडाको रथ जस्तो छ । दुई तीर घोडाले तान्दा रथ अगाडि बढ्न सक्दैन । फेरी केपी ओली सहमति पालनामा ईमान्दार देखिँदैन । यहाँ स्मरणीय तथ्य के छ भने प्रचण्डसँग आलोपालो प्रधानमन्त्रिको लिखित सहमति ओलीले पालना नगरेकै कारण तत्कालिन नेकपा फुटेको हो । ओलीले आफैँले हस्ताक्षर गरेर पछि पालना नगरेका उदाहरण अरु पनि थुप्रै छन् । अझ कांग्रेस र एमालेको सहकार्य प्राकृतिक पनि होइन । दुई विपरित धारको नेतृत्व गर्ने पार्टीको मिलन अस्वाभाविक नै हो । यसले आगामी दिनमा सडक र संसदको राजनीति कमजोर देखिन सक्छ । आफुसँग असहमत हुनेको राजनीति तेजोबध गरिदिने ओलीको स्वभाव कांग्रेसले कसरी पचाउला ? अझ संसदमा गगनहरुले गिरिबन्धूको मुद्दा उठाउलान् कि छोड्लान् त्यो हेर्न बाँकी छ ।

केपी ओलीमा अंहकार विस्तारै देखिँदैछ । कांग्रेस-एमाले गठबन्धन प्रति प्रारम्भमा सकारात्मक देखिएको राप्रपा एमालेको पछिल्लो गतिविधिले टाढिन पुग्यो र विश्वासको मतको विपक्षमा मतदान गर्नपुग्यो । प्रतिपक्ष कमजोर हुने हो कि भन्ने आशंका रहेकोमा राप्रपा पनि प्रतिपक्षमा थपिँदा अब संसदमा प्रतिपक्ष कमजोर देखिँदैन । दुई ठूला दल मिल्दा मुलुक निंरकुश बाटोमा जान सक्ने खतरा रहन्छ नै । तर, नेपाली जनता कुनै पनि रुप र रंगको निंरकुशताको विपक्षमा छन् । तर यो गठबन्धन दुई दलीय राजनीतिक व्यवस्था स्थापना गर्न उद्दत देखियो । राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेन संसदमा भन्दै थिए, "कांग्रेस एमाले मात्र भएको देश कस्तो हुन्छ ? अन्य साना पार्टीको अस्तित्व निषेध गर्ने मनसायले अभिप्रेरित वर्तमान गठबन्धनको नियत राम्रो देखिँदैन । तसर्थ साना दलहरुप्रति यि ठुला दलको दृष्टिकोण सकारात्मक देखिएन । विकास, शान्ति र स्थीरता यी सुन्दा राम्रो लाग्ने नारा हो सुशासन त देखियो अर्बौ बिजुलीको रकम नतिर्दा पनि लाईन नकाट्नु भन्ने प्रधानमन्त्रीको निर्देशनले सरकार कसको पक्षमा काम गर्छ प्रष्ट छ । सरकारका प्राथमिकता देखिसकेको छ ।

तसर्थ कुनै चमत्कार हुनेवाला छैन । यो सरकारको आयु लामो छैन । चित नबुझ्दा संसद नै विघटन गर्ने केपी ओली जसकोविरुद्धमा शेरबहादुर, प्रचण्ड, माधव एउटै कित्तामा उभिनु परेको ईतिहास स्मरण गर्दा सम्भावित अस्थिरता निकट भविष्यमै पुनरावृत्ति नहोला भन्न सकिँदैन । अस्तू ।

इतिहासमा लखेटिएका कला र संस्कृतिका धनी नेवार

✍देवप्रसाद श्रेष्ठ

गणतन्त्र आएपछि भने सबै मातृभाषालाई मान्यता दिएको छ । हेटौंडामा विभिन्न जात र समुदायका नेवारहरुले आआफ्नो समुदायमा कला र संस्कृतिलाई जोगाउन खलः पुचः गूठी निर्माण गरेको छ । संस्थागतरूपमा हेटौंडामा स्थापना भएको पहिलो संस्था नेपाल भाषा खलः हो ।

पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाको एकीकरण गर्नु भन्दा अगाडि उपत्यका भित्र काठमाडौं (यें), ललितपुर (यल) भक्तपुर (ख्वप), धुलिखेल (भोट) लगायतका नेवारबस्तीका राज्य नेपाल मण्डल राज्य थियो । नेपाल मण्डल राज्य उत्तरमा पाँचखाल र दक्षिणमा मकवानपुर सम्म फैलिएको थियो । उपत्यका भित्रका सम्पूर्ण नेवारी नामका बस्तीहरु (साँगा, पाँगा, नाला, चीलं, कीपु) नेवारी बस्तीका गाउँ-बस्तीहरु नेपाल मण्डल राज्यभित्र समाहित थिए ।

नेवार एउटा राज्य र राष्ट्र थियो । काम जात र पेसा अनुसार यहाँका जनताहरुको वर्गीकरण गरिएको थियो । तात्कालिन समयको नेपाल मण्डल नेवार राज्य साँस्कृतिक धार्मिक र आर्थिक रुपले सम्पन्न र उत्कृष्ट थियो । हरेक जात जाति र समूहमा आफ्नो कला, साहित्य र संस्कृति जोगाउन गुठीहरु बनाएका थिए । आफ्नो समुहको गूठीलाई सवल र सक्षम बनाउन गूठी भित्रका सबै गुठियारहरु सवल र सक्रिय थिए ।

पृथ्वीनारायण शाहले उपत्यका एकीकरण गरिसकेपछि विभिन्न कालखण्डमा काठमाडौं उपत्यका भित्रका नेवारहरु देश निकालादेखि जागीरको सिलसिलामा उपत्यका बाहिरको गाउँ, बस्ती र जिल्ला जिल्लामा गएर बसोबास गर्न थाले । उपत्यका भित्र चारभज्याङ भित्र भने पृथ्वीनारायणका सैनिकहरुदेखि बाहिरका अरु जातिका मानिसहरू पनि बसोबास गर्न थाले । यसरी नेवार समुदाय मात्र बसोबास रहेको ठाउँमा बाहिरबाट आएका विभिन्न जात-जातिका मानिस बस्न थालेपछिको अतिक्रमणले नेवारहरुको संख्या कम हुँदै गयो । रैथाने आदिवासी नेवारहरु नेपाल मण्डलबाट विस्थापित हुनेक्रम यहींबाट सुरु भयो ।

उपत्यकासँग नजिक रहेको मकवानपुरको टिस्टुङ-पालुङ, चित्लाङ, बज्रबाराही आदि बस्तीहरु नेपाल मण्डलको पुरानै बस्तीहरु हुन् भने भीमफेदीमा भने अधिकांश पाटनतिरबाट आएका नेवारहरुको बाहुल्यता थियो । आज भन्दा ७०, ८० बर्ष पहिलेको भीमफेदीको नेवारी कला र संस्कृति उपत्यकाको नेवारी सभ्यता भन्दा फरक थिएन । बज्रबाराही, पालुङ, टिस्टुङमा आ-आफ्नै विशेषताका मेला, पर्व र जात्राहरु हुन्थे । गूठी वा नेवार समुदायले गर्ने अधिकांश पर्वहरु अद्यापी कायमै छन् । उपत्यका भित्र आउ-जाउ गर्ने पुरानो नाका चिसापानी ईलाकाको पुरानो बजार भीमफेदी मकवानपुर जिल्लाको पुरानो सदरमुकाममा भने २०११ सालको बाढीपहिरोले ठूलो क्षति पुऱ्याएपछि गाँस, बास र रोजगारीका लागि भीमफेदी भैंसेका नेवारहरु हेटौंडातिर सर्न थाले ।

२०११ सालको बाढी पूर्व हेटौंडाका सडक छेउछाउको १०, १५ घरहरु बाहेक

...बाँकी पृष्ठ ३ मा

उपकुलपति प्रा.डा. जोशीको विदाई

उपकुलपछि जोशीको विदाईपछि सामूहिक तस्वीर खिचाउँदै ।

समाज संवाददाता

हेटौंडाः मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्राध्यापक डा. विश्वराज जोशीलाई विदाई गरिएको छ । नेपाल चिकित्सक संघ मकवानपुरले शनिबार एक कार्यक्रमका बीच प्रा.डा. जोशीलाई विदाई गरेको हो । ४ बर्षे कार्यकाल पूरा गरेर प्रा.डा. जोशी विदाई हुनुभएको हो ।

तत्कालिन मुख्यमन्त्री डोरमणि पौडेलले जोशीलाई उपकुलपतिमा नियुक्त गर्नुभएको थियो । नेपाल चिकित्सक संघ मकवानपुर शाखाका अध्यक्ष हरि बहादुर खड्काको अध्यक्षतामा विदाई कार्यक्रम भएको हो । सबैको साथ र सहयोगमा आफूले आफ्नो कार्यकालमा सक्दो काम गरेको जोशीले बताउनुभयो ।

कार्यक्रममा सहभागीले प्रा.डा. जोशीको कार्यकाल राम्रो रहेको जनाएका थिए । कार्यक्रममा प्रतिष्ठानका रजिष्ट्रार राजेश प्रसाईको पनि उपस्थिति रहेको थियो ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

कोशीमा कांग्रेस र एमालेले ४-४ मन्त्रालय लिने

विराटनगरः नेपाली कांग्रेस र नेकपा एमालेबीच कोशी सरकारको बराबर मन्त्रालय लिने सहमति भएको छ । शनिबार काठमाडौंमा दुई दलका नेताहरुबीच भएको बैठकले आठ मन्त्रालयमध्ये ४-४ वटा बाँडफाँड गर्ने सहमति गरेको हो ।

नेकपा एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारीका अनुसार कोशी मन्त्रिपरिषदमा एमालेका मुख्यमन्त्रीसहित ५ र कांग्रेसका ४ जना रहनेछन् । मन्त्रालय भागबन्डा टुङ्गो लागेपछि सोमबार सरकार विस्तार गर्ने सहमति पनि भएको उनले बताए । 'मोटामोटी सबै कुरामा छलफल भएर एकखालको सहमति भएको छ', उनले भने, 'कांग्रेस सोमबार सरकारमा सहभागी हुनेछ तयारी छ ।' दुई दलको छलफलमा नेपाली कांग्रेसले सरकारको नेतृत्व पनि आलोपालो गर्नुपर्ने प्रस्ताव गरेको थियो । कांग्रेसको प्रस्तावमा छलफल भएपनि सहमति भएन ।

'आलोपालोको विषयमा केन्द्रीय नेतृत्वको निर्णय अनुसार अघि बढ्ने सहमति छ', भण्डारीले भने, 'बाँकी विषय विराटनगरमा छलफलपछि टुङ्गो लाग्छ ।' कोशी प्रदेश सरकारमा माओवादी केन्द्रले सरकार छाडेपछि मुख्यमन्त्री कार्कीले भौतिक पूर्वाधार, स्वास्थ्य, पर्यटन वन तथा वातावरण मन्त्रालय कांग्रेसलाई दिने तयारी गरेका छन् । त्यस्तै उद्योग, कृषि तथा सहकारी मन्त्रालय र सामाजिक विकास मन्त्रालयमध्ये थप एउटा लिन प्रस्ताव गरेको एक एमाले ताले बताए । कांग्रेसले भने खानेपानी सिँचाइ तथा उर्जा मन्त्रालयमा दावी गरेको छ ।

स्रोतः अनलाइनखबर ।

इतिहासमा लखेटिएका...

सुनसानै थियो । चारैतिर जंगलै-जंगल थियो । बाढी पहिरोबाट विस्थापित नेवारहरु मूल बाटोको दायाँबायाँ बसाई सरेर बस्न थालेपछि विस्तारै हेटौंडाको चहलपहल बढ्न थाल्यो । हेटौंडाबाट नारायणघाट, पूर्वबाट मकवानपुरगढी, टिकाभैरब हुँदै काठमाडौं र भैंसे हुँदै काठमाडौंको बाटो त्रिभुवन लोकपथ बन्न थालेपछि हेटौंडाको बस्ती विस्तार हुन थाल्यो । जंगल फँडानी र बस्ती विकास हुन थालेपछि उपत्यकाका तीनै शहरका नेवार र अन्यत्र शहरबाट पनि विविध जात र थरका मानिसहरु हेटौंडामा बस्न थाले । पृथ्वीनारायण शाहले उपत्यका विजयपछि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विस्थापित भएका नेवार हरुले जुन-जुन ठाउँमा बसे त्यो स्थानमा आफ्नो कला, संस्कृति र परम्परालाई कायमै गरी मन्दिर, स्तुपाहरु निर्माण गरी कला र सभ्यतालाई कायमै गरी आफ्नो जाति र परम्परालाई मर्यादित बनाएर पहिचान दिँदै आएको छ । यसैगरी हेटौंडामा बसाइँसराई गरेर खासगरी उपत्यका, मकवानपुरका रैथाने भीमफेदी भैंसे र छिटफुट अन्य जिल्ला र ठाउँका नेवारहरुको संगम बस्तीको थलो हेटौंडा बन्यो ।

नेवारहरु जातीय रूपमा व्यापार, खेतिपाती र समाजको अन्य व्यवसायमा संलग्न भएको अरु जाति र समूहसँग पनि हेलमेल हुनु दैनन्दिनको काममा परिवार बाहेक अन्य भाषाभाषीहरुसँग हेलमेल गर्दा अन्य भाषा बोल्नु पर्ने बाध्यताले मातृभाषाको बोली बिर्सने मात्र होईन थोरै जनसंख्या भएको ठाउँमा नेवारी भाषा नै लोप भैसकेको छ । तत्कालिन पंचायती शासन कालमा खस भाषा बाहेक अन्य भाषाभाषी माथि निर्मम दमन गरेको थियो । बोली मात्र होइन जातीय लवज आउनेसम्मलाई सरकारी जागीरमा निषेध गरिएको थियो । जाति र भाषा दमनको कारण अधिकांश नेवारहरुले घरभित्र बोलिने आफ्नो नेवारी भाषा बोल्न समेत सिकाएन । फलस्वरुप अहिले हाम्रा दोस्रो र तेस्रो पिढीका धेरै नेवारहरु आफ्नो भाषा बोल्न जान्दैनन् । यो बडो दुखको कुरा हो ।

गणतन्त्र आएपछि भने सबै मातृभाषालाई मान्यता दिएको छ । हेटौंडामा विभिन्न जात र समुदायका नेवारहरुले आआफ्नो समुदायमा कला र संस्कृतिलाई जोगाउन खलः पुचः गूठी निर्माण गरेको छ । संस्थागतरूपमा हेटौंडामा स्थापना भएको पहिलो संस्था नेपाल भाषा खलः हो । यो संस्थाले हेटौंडाका नेवारहरुलाई समातेर नेपाल सम्वत्लाई राष्ट्रिय सम्वत् मनाउन हरेक बर्ष कार्तिक शुक्ल प्रतिपदा न्हु दंका दिन ्याली र जूलूस गर्दै आएको छ । त्यसपछि जन्मेको नेवाः साँस्कृतिक पुचःले नेवारहरुले चलाउँदै आएको हरेक चाडपर्वहरु मनाउँदै आएको छ । यसको साथै भाषा उत्थानकाँ लागि लिपि कक्षा र बाजा प्रशिक्षण पनि दिँदै आएको छ । विभिन्न जाति र समुदायमा संगठित संस्थाहरुलाई एकजुट र मजबुत बनाउन नेवाः गूठीको पनि संस्थागत रूपमा जन्म भएको छ । नेवारहरुको कला, संस्कृति, सभ्यता, भाषा र लिपि नेपालकै राष्ट्रिय गौरवको सम्पदा हो । यसलाई बचाउनु राष्ट्रिय सम्पदालाई बचाउनु हो ।

विगतका दिनमा नेवारी संस्कृति, भेषभुषा र बाजा र कलालाई हेटौंडाका जनताका सामु प्रदर्शन र परिचय गराउन तात्कालिन सांसद तथा वरिष्ठ परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठको नेतृत्वमा ठिमीको प्रसिद्ध महाकाली नाच, लाखे नाचहरु काठमाडौंको अर्केस्ट्रा १०८ थरीका बाजाहरुको कलाकारहरुले एकसाथ प्रदर्शन गरेको थियो । भाषा, संस्कृति र कलालाई जीवन्त राख्न उपत्यकाबाट कलासाधकहरुलाई निम्त्याएर बेला-बेलामा प्रदर्शन गर्ने, नेवारी भोज खुवाउने आदि क्रियाकलाप पनि गर्दै आएको थियो । उपत्यका बाहिर पहिलो पटक हेटौंडा मै देशभरिका नेवाः मिसा समुहको प्रतिनिधित्व गराई राष्ट्रिय नेवाः मिसा सम्मेलन गराएको थियो । भाषालाई संरक्षण गर्न उपत्यका बाहिर पहिलो पटक हेटौंडा वाः पौको निरन्तर प्रकाशन गरेको थियो । दीपक प्रसाद श्रेष्ठको सम्पादन र प्रकाशन भएको उक्त साप्ताहिक हिरण्यलाल श्रेष्ठको संरक्षण र काठमाडौंका सुरेश किरण मानन्धर र हेटौंडाका जनक श्रेष्ठले सघाएको थियो । पछि उक्त पत्रिका मोहनमान सांगामी र जनक श्रेष्ठ ले जीवन्तता दिँदै आएपनि विगत दुई बर्षदेखि बन्द भएको छ । नेवारहरुको कला, संस्कृति र सभ्यता राम्रो छ । तर बाहिर छरिएर आआफ्नो संस्थामा आबद्ध भएपनि एक अर्को संस्थाप्रति समन्वय छैन ।

नेवा देय दबु नेवार समुदायका विभिन्न समुदायहरुलाई समन्वय गर्ने छाता संगठन हो । नेवा गूठीको उद्देश्य र भावना पनि सबै नेवार समुदायबीच एकताको अभिबृद्धि गराई कला र संस्कृतिलाई जोगाउनु नै हो । भाषा नरहे देस रहन्न । कला र संस्कृति नरहे हामी रहनौं । हामीले हाम्रा पुर्खाले बनाएको कला, संस्कृति, परम्परा, भेषभुषा र भाषालाई संरक्षण गर्नै पर्छ । उपत्यकामा समेत केही सम्भ्रान्त वर्गहरुले आफ्नो मातृभाषा बोल्न बिर्सिसकेका छन् । संयुक्त राष्ट्र संघमा नेपाल भाषाको रञ्जना लिपिलाई नेपालको राष्ट्रिय लिपिमा दर्ता गरेको छ ।

हामीले हाम्रो गौरवमय इतिहास बोकेको नेवारी कला, संस्कृति र सभ्यतालाई बचाउन र भाषालाई जिवन्त राख्न हामी एकजुट हुनैपर्छ । हाम्रो सभ्यता र संस्कृति हाम्रो मात्र होईन नेपाल कै सम्पदा हो । हाम्रा अग्रजहरु शताब्दी पुरुष सत्यमोहन जोशी लोकप्रिय कवि दुर्गालाल श्रेष्ठ भाषा अभियानकर्ता तथा मानव अधिकारवादी नेता पदमरत्न तुलाधरहरुको अनुकरण गर्ने कि नगर्ने ? इतिहास बोकेको नेवारी कला, संस्कृति, सभ्यता र भाषाको संरक्षण गरौं ।

कमाने एकेडेमी/बाल-साहित्य चौतारी

नेपाली भाषाको विकासमा साहित्यको महत्व

(निबन्ध)

नितिका भट्टराई

नेपाली भाषाको विकासमा साहित्यको ठूलो महत्व छ । जहाँ नेपाली भाषाको विकास हुँदैन त्यहाँ साहित्यको पनि जन्म भएको हुँदैन । नेपाली भाषाको विकास हुँदै गर्दा नेपाली साहित्यले ठूलो फड्को मारेको हुन्छ । हामीलाई विश्वको जुनसुकै देशमा पनि नेपाली भनेर चिनाउन नेपाली भाषा र साहित्यले महत्वपूर्ण भूमिका खेलेको छ । जहाँ नेपाली भाषा विकारमा साहित्य गरिब भएको देखिन्छ, त्यहाँ साहित्यको विकास नभएको कुरा पाइन्छ ।

नेपाली भाषालाई राम्रो, मिठो र उत्कृष्ट बनाउन नेपाली साहित्यले ठूलो योगदान दिएको कुरा म तपाईहरुलाई जानकारी गराउँदै छु । साहित्यले हाम्रो भाषाको साँस्कृतिक धरोहर ऐतिहासिक पृष्ठभूमि र विचारको विकासमा महत्वपूर्ण भूमिका खेलेको कुरा तपाइहरुलाई थाहा नै होला । नेपाली साहित्यले विचार भावना र अनुभवका साथै हाम्रो ज्ञान र सोचलाई पनि अगाडि बढाउन सहज बनाएको छ । साहित्यले हाम्रो भाषाको विकासमा मद्दत पुऱ्याउँछ र हाम्रो साँस्कृतिक धरोहरलाई संरक्षण गर्दछ । त्यसैले नेपाली भाषाको विकासमा साहित्यको अत्याधिक महत्व छ ।

कक्षा-६

कमाने एकेडेमीका १ कक्षाका विद्यार्थी विद्यार्थी हाम्रो आसपासका जनावर सम्बन्धमा जानकारी लिन हेटौंडा-११, शहीद स्मारकस्थित चिडियाखानाको भ्रमण गर्दै ।

कमाने एकेडेमीका कक्षा-२ र ३ का विद्यार्थी पुस्तकको सुरक्षाका लागि गाता हाल्ने अभ्यास गर्दै ।

नेपाली भाषा परिचय

कृशङ खनाल

भाषा भन्नाले दुई व्यक्तिहरु बीच भाव, इच्छा, चाहना आदि आदानप्रदान गर्ने मौखिक तथा साङ्केतिक माध्यमको समुह हो भनेर बुझिन्छ । इतिहासको विभिन्न कालखण्डमा मुख्यगरी कर्णाली प्रदेशमा अवस्थित सिञ्जा उपत्यकाको खस राज्यदेखि १४ औं शताव्दीको बीचमा नेपाली भाषाको विकास भएको थियो ।

नेपाली साहित्यले नेपाली भाषामा लेखिएको कविता, कथा, उपन्यास, गीत, लोकगीत, नाटक आदिलाई समावेश गरिएको छ । नेपालको साँस्कृतिक औपचारिकतामा नेपाली भाषाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपाली साहित्यको इतिहासमा भानुभक्तद्वारा लिखित रामायण पहिला कृतिहरु मध्ये एक हो भन्ने कुरा धेरैले दावी गरेका छन् । तसर्थ धरोहरको महत्वपूर्ण हिस्सा हो ।

धर्म, संस्कृति र जातीय आधारमा हाम्रो देशमा थरीथरीका भाषा छन् । त्यो मध्ये नेपाली भाषाले मुख्य भाषाको रुपमा ओगटेको हुनाले नेपाली साहित्यलाई ठूलो योगदान पुगेको छ ।

कक्षा-५

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

चितवन र काभ्रेमा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको २ जिल्लामा विभिन्न घटनामा ५ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन र काभ्रेपलाञ्चोक जिल्लामा ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवनको भरतपुर महानगर पालिका-१, भतेरी जङ्गलमा कन्टेनर र भारतीय नम्बरको ट्रक एक आपसमा ठोकिँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेका भारतीय ट्रक चालक भारत उत्तर प्रदेशका २४ वर्षीय हेहताव आलम र कन्टेनर चालक पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका-२४ का ४० वर्षीय प्रमोद पटेल रहेको प्रहरीले जानकारी दिएको छ ।

शुक्रबार नारायणगढ मुग्लिङ सडक खण्डमा नारायणगढबाट मुग्लिङतर्फ जाँदै गरेको ना ६ ख ५९९६ नम्बरको कन्टेनर र विपरित दिशाबाट ओभरटेक गरी आउँदै गरेको डीडी ०१ एल ९१६१ नम्बरको भारतीय ट्रक एक आपसमा ठोकिँदा दुर्घटना भएको थियो । दुर्घटना हुँदा आलम र पटेलसहित ट्रकका सह-चालक भारतको गोरखपुरका २२ वर्षीय सावन अहमद घाइते भएका थिए । घाइते तीनै जनालाई उपचारका लागि नयाँ मेडिकल कलेज लगिएकोमा आलम र पटेलको उपचारको क्रममा मृत्यु भएको र अहमदको सोहि अस्पतालमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-४, गैंडाचोकमा मानव कंकाल फेला परेको छ । शुक्रबार बिहान ११ बजेर ५० मिनेटको समयमा नारायणी नदिको बीच टापुमा मानवको छाला मासु नभएको हड्डी मात्र रहेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात कंकाल पोष्टमार्टमका लागि भरतपुर सरकारी अस्पताल लगिएको छ । चितवन जिल्लाको भरतपुर महानगरपालिका-३, कमलनगरमा एक जना पुरुष मृत फेला परेका छन् । शुक्रबार ग्लोबल एम्पोरियम फेन्सी पसल अगाडि पेटिमा नाम थर नखुलेको अन्दाजी ५५ वर्षीय पुरुष मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि सरकारी अस्पताल भरतपुर लगिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-५, मा एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा बनेपा नगरपालिका-३ नालाकी ३२ वर्षीया ईश्वरी सुन्दास रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार सुन्दास डेलिभरीका लागि बनेपामा रहेको शिर मेमोरियल अस्पताल बनेपामा नर्मल भर्ना भएकी थिइन् । सुन्दासले शुक्रबार नर्मल डेलिभरी भई नवजात शिशु (छोरा) जन्माए पश्चात रगत बग्न नरोकिएपछि सोही अस्पतालमा पाठेघरको शल्यक्रिया गरिएको थियो । अवस्था नाजुक भए पश्चात सुन्दासलाई आईसियुमा राखिएकोमा सोहि दिन राती ११ बजेर ५५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-३, बाँसघारीमा मिनि ट्रिफरले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ । शुक्रबार राती ९ बजेर ५५ मिनेटको समयमा अरनिको राजमार्गमा बनेपाबाट धुलिखेलतर्फ जाँदै गरेको बा प्र ०१-००४ क ०१३० नम्बरको मिनि ट्रिफरले अन्दाजी ६० वर्षीय पैदलयात्रीलाई ठक्कर दिएको प्रहरीले जानकारी दिएको छ । मिनि ट्रिफरको ठक्करबाट पुरुष गम्भीर घाइते भएका थिए । घाइते पुरुषलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा शनिबार बिहान चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । चालक महाभारत गाउँपालिका-४, बस्ने ३१ वर्षीय पदम लामालाई नियन्त्रणमा लिई घटना बारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । मृतकको सनाखत हुन सकेको छैन ।

मकवानपुर जिल्ला लिग फुटबल आगामी भदौ ७ गतेबाट

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता आगामी भदौ ७ गतेबाट हुने भएको छ । मकवानपुर जिल्ला फुटबल संघको शनिबार बसेको कार्यसमितिको बैठकले जिल्ला लिग फुटबल प्रतियोगिताको भदौ ७ गतेबाट गर्ने निर्णय गरेको संघका महासचिव छवि सुवेदीले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०८०-८१ मा एन्फा मकवानपुरमा नवीकरण गरेका क्लबले जिल्ला लिग प्रतियोगितामा सहभागिता जनाउने महासचिव सुवेदीले बताउनुभयो । प्रतियोगितामा २८ वटा क्लबबाट ३५ बर्ष भन्दा कम उमेर समूहका खेलाडीहरु सहभागी हुन पाउने उहाँले बताउनुभयो । बैठकले प्रतियोगिता दुईवटा खेलमैदानमा खेलाउने निर्णय गरेको छ । हेटौंडा-११, थानाभञ्याङस्थित खेलमैदान र हेटौँडा-६ स्थित गौरिटार रंगशाला र हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामध्ये दुई वटा खेलमैदानमा लिगका खेलहरु खेलाइने महासचिव सुवेदीले बताउनुभयो ।

जिल्ला लिग फुटबल प्रतियोगिताको उपाधि विजेता टिमले असोज महिनामा हुने बागमती प्रदेश लिग फुटबल प्रतियोगितामा सहभागी हुन पाउनेछन् । २०७६ सालको कोरोनापछि हालसम्म मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता आयोजना हुन सकेको छैन । त्यसलाई एन्फा मकवानपुरले निरन्तरता दिन लागेको हो ।

प्रतियोगिताको विजेता र उपविजेता टिमलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने जनाइएको छ । यसअघि भएको मकवानपुर जिल्ला लिगको उपाधि न्यु डाँफे युथ क्लबले जितको थियो भने हटिया स्पोटर्स एकेडेमी उपविजेता बनेको थियो । प्रतियोगिताको खेल तालिका केही दिनमा सार्वजानिक गरिने जनाएको छ । प्रतियोगितामा सहभागिताका लागि टिमदर्ता शुल्क ७ हजार रुपैयाँ तोकिएको छ । प्रतियोगिता आयोजनाका लागि १२ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

एक जना पुरुष मृत फेला

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती गाउँपालिकामा एकजना पूरुष मृत फेला परेका छन् । बागमती गाउँपालिका-९, स्यालथुमवेसीमा एकजना पुरुषको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जनाएको छ ।

शुक्रबार साँझ ६ बजेको समयमा बागमती खोला किनार बगरमा अन्दाजी ४० वर्षीय पुरुषको शव फेला परेको हो । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि शनिबार बिहान हेटौँडा अस्पताल ल्याइएको प्रहरीले जनाएको छ ।

यु-१५ मैत्रीपूर्ण खेलमा नागस्वती विजयी

समाज संवाददाता

हेटौँडाः हेटौँडामा शनिबार बिहान १५ वर्ष भन्दा कम उमेर समूहको मैत्रीपूर्ण फुटबल खेल भएको छ । हेटौँडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा पिप्ले युवा क्लब र नागस्वती युवा क्लबको यु-१५ टिम बीच मैत्रीपूर्ण खेल भएको हो ।

मैत्रीपूर्ण खेलमा नागस्वती युवा क्लब विजयी भएको छ । नागस्वतीले घरेलु टोली पिप्ले युवा क्लबलाई ४-२ गोलअन्तरले पराजित गरेको हो । पिप्ले युवा क्लबका अध्यक्ष सुविन घिमिरेका अनुसार दुई क्लबबीच मैत्रीपूर्ण अभ्यास खेल भएको हो । अध्यक्ष घिमिरेले क्लबले भदौ महिनापछि उमेर समुहका प्रतियोगिता आयोजना गर्न लागेको बताउनुभयो । अहिले क्लबसँग यु-१३ र यु-१५ का गरी दुई किशोर समूहका खेलाडीहरु रहेका छन् । अहिले क्लबलाई बाहिर जिल्लामा मैत्रीपूर्ण खेल खेल्नका लागि निमन्त्रणा आइरहेको पनि उहाँले बताउनुभयो ।

पूर्वविद्यार्थीद्वारा बालवोध माविलाई ९५ हजार सहयोग

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१७, हटियामा रहेको बालवोध माध्यमिक विद्यालयका पूर्वविद्यार्थीले विद्यालयलाई सहयोग गरेका छन् । हाल जापान, कोरिया र नेपालमै बसोबास गरिरहेका विद्यालयका पूर्वविद्यार्थीले विद्यालयलाई ९५ हजार ५ सय सहयोग गरेको विद्यालयका सहायक प्राध्यापक छवि सुवेदीले जानकारी दिनुभयो ।

विद्यालयका पूर्वविद्यार्थी हाल कोरियामा रहेका लालसिंह थिङ र हाल जापानमा रहेका निशान्त अधिकारी, प्रताप राई, सन्ध्या ढुङ्गाना, अर्जुन अर्याल, स्वस्तिका अधिकारी, दिनेशलाल श्रेष्ठ, फते प्रसाद दङ्गाल, विश्वास डंगोल, सुमन श्रेष्ठ, प्रशान्त श्रेष्ठ, नमिता श्रेष्ठ, शान्त बहादुर श्रेष्ठ, मनिषा श्रेष्ठ र सुनिता दंगालले संयुक्त रूपमा विद्यालयलाई ८५ हजार नगद सहयोग गरेका हुन् । यसअघि पनि विद्यालयका पूर्वविद्यार्थीहरु हाल कोरियामा रहेका सुभाष कार्की र नेपालमै बसोबास गरिरहेका सृष्टि कठायत, गौरी लामा, रञ्जना अधिकारी र पूजा गौतमले संयुक्त रुपमा नगद रु. १० हजार पाँच सय रुपैयाँ विद्यालयलाई सहयोग गरेको सुवेदीले बताउनुभयो । सहयोग बापतको रकमले विद्यालयलाई दैनिक रुपमा आवश्यक पर्ने भौतिक सामग्री खरिद गर्ने उहाँले जानकारी दिनुभयो । विद्यालयमा साँस्कृतिक कपडा, म्युजिक सिस्टम आदिको खरिद पर्ने उहाँले जानकारी दिनुभयो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा हाल ४ सय ८० जना विद्यार्थी अध्ययनरत छन् ।

२२ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडाः ५९ औं रक्तसञ्चार दिवसको अवसरमा हेटौँडामा रक्तदान कार्यक्रम भएको छ । नेपाल रेडक्रस सोसाइटी पिप्ले-पोखरा उपशाखाको आयोजनामा शनिबार बिहान रक्तदान कार्यक्रम भएको हो । कार्यक्रममा २२ जनाले रक्तदान गरेका छन् ।

नेपाल भूतपूर्व सैनिक तथा प्रहरी संगठनको समेत सहकार्यमा भएको रक्तदान कार्यक्रम उपशाखाका सभापति देव प्रसाद दहालको सभाध्यक्षता तथा वडाअध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुरका सभापति लालबहादुर थापा, सोसाइटीकी मन्त्री सुमित्रा काफ्ले, कोषाध्यक्ष किशोर बर्तौला र उपमन्त्री शिवहरी दहालको उपस्थिति रहेको छ । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो ।

नियमित साहित्य सन्ध्या अप्सरा र दीपक स्मृति विशेष

समाज संवाददाता

हेटौँडाः ३४५ औं नियमित साहित्य सन्ध्याको अवसरमा अप्सरा तिमल्सिना लम्साल र दीपक मुडवरीको स्मृति विशेष रचना वाचन कार्यक्रमको आयोजना भएको छ । शनिबार साहित्य संगम मकवानपुर र आँचल साहित्य कला पुञ्ज मकवानपुरको संयुक्त आयोजनामा रचना वाचन कार्यक्रम भएको हो ।

संगमका अध्यक्ष डीबी बर्तौलाको सभाध्यक्षमा तथा साहित्यकार देवप्रसाद श्रेष्ठको प्रमुख आतिथ्यमा रचना वाचन कार्यक्रम भएको हो । कार्यक्रममा साहित्यकार तिमल्सिना र मुडवरीको माल्याअर्पण गरेर श्रद्धाञ्जली व्यक्त गरिएको थियो । कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले मुडवरीको बारेमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा दुबैजना साहित्यकारको स्मृतिमा सविता तिमल्सिना, भवानी तिमल्सिना, एलिजा पुडासैनी, सम्प्रस पौडेल, राजुराम राउत, सुवास सजल, सानुभाइ विश्वकर्मा, विष्णू गौतम, किशन पौडेल, देवराज तिवारी, पुरुषोत्तम आचार्य, शान्ति प्रियवन्दना, प्रमुख अतिथि देवप्रसाद श्रेष्ठ लगायतले रचना वाचन गर्नुभएको थियो ।

हाम्रो घरलाई खाद्यान्न सहयोग

खाद्यान्न सामग्री हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला भलिबल संघ र केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानले हेटौँडा-५ स्थित हाम्रो घर अनाथ आश्रमलाई खाद्यान्न सामग्री सहयोग गरेको छ ।

शनिबार आश्रममै पुगेर खाद्यान्न सामग्री सहयोग गरेको हो । भलिबल संघ र केशवलाल श्रेष्ठ स्मृति प्रतिष्ठानमा आवद्ध भएका पदाधिकारीहरु आश्रममा पुगेर २५ हजार रुपैयाँ बराबरको दाल, आलु, प्याज नुन लगायतका खाद्यान्न सामग्री सहयोग गरेको हो । आश्रममा खाद्यान्न अभाव भएको भन्ने जानकारी प्राप्त भएपछि दुबै संस्थाका पदाधिकारीको सहयोग आश्रमकी अध्यक्ष इन्दिरा न्यौपाने डल्लाकोटीलाई सामग्री हस्तान्तरण गरिएको छ ।

केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टको सभाध्यक्षता तथा हेटौँडा उपमहानगर पालिका वडा नम्बर ५ का अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा खाद्यान्न सामग्री हस्तान्तरण कार्यक्रम भएको हो । कार्यक्रममा वडा सदस्यहरु रञ्जिता सिलवाल, रामबहादुर राई, वडा सचिव सुस्मिता महत, जिल्ला भलिबल संघका अध्यक्ष बसन्त सिटौलाको पनि उपस्थिति रहेको थियो । आश्रममा हाल २६ जना बालबालिका आश्रित छन् ।

पेरिस ओलम्पिकबाट बाहिरिए श्यान्टु

काठमाडौंः नेपाली टेबलटेनिस खेलाडी श्यान्टु श्रेष्ठ पेरिस ओलम्पिक २०२४ को पहिलो खेलमै पराजित भएका छन् । प्रारम्भिक चरण अन्तर्गत शनिबार भएको खेलमा २४ वर्षीय श्यान्टु सेनेगलका खेलाडी ३२ वर्षीय इब्राहिम डियाबसँग ४-० ले पराजित भए । पहिलो सेटमा श्यान्टुले इब्राहिमलाई कडा टक्कर दिएका थिए । तर १०-१० को अवस्थाबाट इब्राहिमले लगातार दुई अंक जोड्दै पहिलो सेट १२-१० ले आफ्नो पक्षमा पारे । दोस्रो सेटमा इब्राहिम हावी बन्दै ११-३ ले आफ्नो पक्षमा पारे । तेस्रो गेममा पनि लय कायम राख्दै इब्राहिमले ११-४ ले जिते । चौथो गेम ११-५ ले जित्दै इब्राहिमले खेल सहजै जितेका हुन् । इब्राहिमले अब राउण्ड अफ ६४ मा हङकङका वाङ चुङसँग खेल्नेछन् । छनोट चरण पार पारेर ओलम्पिक खेल्ने तेस्रो नेपाली खेलाडी बन्दै इतिहास रचेका श्यान्टुको ओलम्पिक यात्रा भने पहिलो खेलबाटै समाप्त भएको छ । यसअघि तेक्वान्दोका संगिना वैद्य र दीपक विष्टले मात्र छनोट चरण पार गरेर ओलम्पिक खेलेका थिए ।पेरिस ओलम्पिकबाट बाहिरिए श्यान्टु श्यान्टुले घरेलु मैदानमा भएको दक्षिण एसियाली छनोटमा नेपालकै संयोग कपालीलाई हराएर स्वर्ण जित्दै पेरिस ओलम्पिकका लागि छनोट भएका थिए । श्यान्टु ओलम्पिक खेल्ने पहिलो नेपाली टेबलटेनिस खेलाडी समेत हुन् । स्रोतः अनलाइनखबर ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय
वन विज्ञान संकाय, डीनको कार्यालय
हेटौँडा, मकवानपुर

मौजुदा सूचीमा सुचीकृत हुने सम्बन्धी सार्वजनिक सूचना

सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद-२, दफा ६ क. तथा सार्वजनिक खरिद नियमावली, २०६४ को परिच्छेद-३ नियम १८. अनुसार सार्वजनिक निकायबाट सोहि ऐन वमोजिम हुने खरिद कार्यको लागि आ.व.२०८१/८२ मा मौजुदा सूचीमा दर्ता भई सुचीकृत हुन इच्छुक योग्य व्यक्ति, फर्म, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकहरुमा आफू सूचीकृत हुन चाहेको प्रकृति स्पष्ट खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ अनुसूची-२ क. अनुसार यस संकायमा मिति २०८१/०४/१३ गतेदेखि मिति २०८१/०५/१२ गतेसम्ममा आवेदन दिई मौजुदा सूचीमा सूचीकृत हुन सुचित गरिन्छ ।

आवेदनका साथ निम्न कागजातहरूको प्रतिलिपि संलग्न गर्नु पर्नेछः-

१. संस्था दर्ता वा फर्म दर्ताको प्रमाणपत्र
२. नवीकरण गरिएको प्रमाणपत्र
३. मूल्य अभिवृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र
४. प्रचलित कानुन वमोजिम नेपाल सरकारलाई तिरेको करको चुक्ता गरेको प्रमाणपत्र
५. व्यक्तिको हकमा नागरिकताको प्रमाणपत्र र व्यक्तिगत लेखा नम्बरको प्रमाणपत्र

डीन

डेंगीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैलेः

- **लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।**
- **घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।**
- **पानी राखेको भाँडालाई छोपेर राखौं ।**
- **लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं ।**
- **लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।**
- **घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल–ढोकामा जाली लगाऔं ।**
- **सुत्ने बेलामा झुल लगाएर सुतौं ।**
- **कुना–काप्चामा किटनाशक औषधी छर्कने गरौं ।**
- **एयर कुलर,पानी ट्यांकी,फुलदानी,गमलामा राखिएका प्लेटहरु समय समयमा सफा गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ